**नीति केडिइ - सङ्कट व्यवस्थापन**

सुरक्षामा सङ्कट उत्पन्न भएमा आकस्मिकता र विपत्तिको पूर्वयोजना विद्यार्थीहरू, स्टाफ, र विद्यालय आगन्तुकहरूलाई सुरक्षा प्रदान गर्न आवश्यक हुन्छ। तत्परता योजना छ र सो कार्यान्वयन गर्नका लागि विद्यार्थीहरू र स्टाफलाई तालिम दिइएको छ भन्ने ज्ञानले सबै सम्बन्धितहरूको मनोबल वृद्धि गराउँछ। रोकथाम, तत्परता, प्रतिक्रिया र पुनःप्राप्तिहरू सङ्कट व्यवस्थापनका चरणहरू हुन् जसलाई डिपिएस आकस्मिक प्रतिक्रिया र सङ्कट व्यवस्थापन (इआरसिएम) योजनामा व्यवस्था गरिएको छ।

साइट प्रशासकहरू वा प्रतिनिधिहरूले विद्यालयहरू डिपिएस इआरसिएम कार्यक्रमसँग सम्मत रहेको कुरा निश्चित गर्न निम्न आवश्यकताहरू पालना गर्नुपर्छ :

हरेक विद्यालयको आकस्मिक प्रतिक्रिया समूह (इ-टिम)ले वार्षिक रूपमा डिस्ट्रिक्ट इआरसिएम तालिम लिनु पर्दछ।

- हरेक विद्यालय वर्षको सुरुमा साइट प्रशासक वा प्रतिनिधिले इआरसिएम अनुरूप आकस्मिक व्यवस्थापन योजना वार्षिक रूपमा बुझाउनु पर्दछ।

- विद्यालय आकस्मिक प्रतिक्रिया समूहहरूले विद्यालय पर्सोनेलहरू (विद्यार्थीहरू, फ्यासिलिटि र खाद्यान्नसेवा कर्मचारी समेत) लाई उपयुक्त इआरसिएम प्रक्रियाहरूका विषयमा तालिम दिनु पर्नेछ।

- साइट प्रशासक वा प्रतिनिधिले आफ्ना विद्यायलहरूले हरेक महिना अग्नि नियन्त्रण अभ्यास (फायर ड्रिल) सञ्चालन गरेको सुनिश्चित गर्नुपर्दछ।

- साइट प्रशासक वा प्रतिनिधिहरूले इआरसिएमले निर्देश गरे अनुसार अन्य अभ्यासहरू सञ्चालन गरेको कुरा निश्चित गर्नुपर्दछ।

साइट प्रशासक र विद्यालय स्टाफले आकस्मिक प्रतिक्रिया प्रक्रियाहरूबारे अभिभावकहरूलाई जानकारी गराउने कुनै अवसर छोड्नु हुँदैन।

डिस्ट्रिक्ट इआरसिएम कार्यक्रम राष्ट्रिय घटना व्यवस्थापन पद्धति (एनआइएस) सँग सम्मत छ।

माथिका सबै कार्यहरू पूरा गरेपछि सबै डिपिएस प्रसोनेलहरूले कोलोराडो राज्य परिमार्जित कानुन २२–३२–१०९.१(४) र सि.आर.एस. २२–३२–१०९(४) मानेको ठहरिनेछ।

स्वीकृत : अक्टुबर १९, २०००
परिमार्जित : जनवरी १७, २००८

कानुनी सन्दर्भ : सि.आर.एस. २२–३२–१०९.१(४)